श्री

सुनसरी जिल्ला अदालत

इनरुवा

सिलबन्दी वोलपत्र आह्वानको सूचना

सूचना नं. १ /२०७३/०७४

(प्रथम पटक प्रकाशित मितिः- २०७३/१२/१८ )

१. यस अदालतको लागि आ. व. २०७३/०७४ मा तपसिल बमोजिमका कार्य सिलबन्दी वोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सो सम्बन्धी कार्य गर्ने गरी दर्ता भएको इच्छुक फर्महरुबाट निम्न शर्तहरुका अधिनमा रही सिलबन्दी वोलपत्रको आह्वान गरिएको छ ।

२. सिलबन्दी वोलपत्रको फारामको दस्तुर बुझाइ फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, मू. अ. क. दर्ता प्रमाणपत्र, प्यान (PAN) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र आ. व. २०७२/०७३ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र ( दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति) समेत संलग्न गरी यस अदालतबाट यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समयभित्र खरिद गरी १६ औं दिन १२:०० बजेभित्र सिलबन्दी गरी यस अदालतमा दाखिला गरि सक्नुपर्नेछ ।

३. सिलबन्दी वोलपत्रको आइटम वाइज दररेट अंक र अक्षर दुबैमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

४. सिलबन्दी वोलपत्रको मान्य अवधि दाखिला हुने अन्तिम मितिबाट ४५ दिनको हुनेछ । दरभाउपत्रदाताले सिलबन्दी वोलपत्र साथ तल उल्लेखित गरिएको रकममा नघटाई क वर्गको मान्यता प्राप्त बैंकबाट सिलबन्दी वोलपत्रको मान्य अवधि भन्दा कम्तीमा ३० दिन बढी अवधिको यस अदालतको नाममा जारी गरेको बैंक ग्यारेण्टी (विड वण्ड) को सक्कल प्रति पेश गर्नु पर्नेछ । नगद जमानतको लागि रा. वा. बैंक इनरुवा स्थित को. ले. नि. का. इनरुवाको एकल धरौटी खाता नं. २२२०२०३००००००० कार्यालय कोड नं. ०/९-२०४-०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

५. पेश हुन आएको सिलबन्दी वोलपत्रको दाखिला गर्ने अन्तिम दिनको २:०० बजे सिलबन्दी वोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा यस अदालतमा खोलिने छ । सिलबन्दी वोलपत्र दाता उपस्थित नभए पनि सिलबन्दी वोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. एक फर्मको नाममा खरिद गरिएको सिलबन्दी वोलपत्रको फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

७. सूचनाको दफा २ बमोजिमका कागजातहरु नभएको, रीत नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, दस्तखत, छाप नभएको सिलबन्दी वोलपत्रको उपर कारवाही हुने छैन ।वोल कवोल अंकको ५प्रतिशतले हुन आउने धरौटी रकम शिलबन्दी बोलपत्र स्वीकृत भएपछी बुझाउनु पर्ने छ।

८- सिलबन्दी वोलपत्रको खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो लगतै कार्यालय खुलेको दिन क्रमशः सोही समयमा हुनेछ ।

९. सिलबन्दी वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अदालतमा सुरक्षित रहनेछ । साथै सिलबन्दी वोलपत्रको सूचनामा कुनै संशोधन वा परिवर्तन भएमा यस अदालतको सूचनापाटीमा टाँस गरिनेछ ।

१०. यो सूचनामा उल्लेख गरिए वाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।अन्य केही बुझ्न परे यस अदालतको आ.प्र. शाखामा सम्पर्क गर्न सक्नु हुने छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | दरभाउपत्र जमानत रकम | फाराम दस्तुर | ल. ई. रकम (मु. अ. कर र कन्टेन्जेन्सी बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १/२०७३/०७४ | सेड कन्ट्रक्सन वर्क निर्माण कार्य। | ३७५००।- | १०००।- | १२४७३०८।- | |